# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३३) काठमाडौं, कात्तिक २७ गते २०४०साल (अतिरिक्ताङ्क ४१

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबारको
### सूचना

**अख्तियार दुरूपयोग निवारण आयोगका आयुक्तहरूको पदावधि, पारिश्रमिक र सेवाको अन्य शर्त तथा सुविधा सम्बन्धी (दोस्रो संशोधन) नियमावली, २०४०**

अख्तियार दुरूपयोग निवारण आयोगका आयुक्तहरूको पदावधि, पारिश्रमिक र सेवाको अन्य शर्त तथा सुविधा सम्बन्धी नियमावली, २०३४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट नेपालको संविधानको धारा ६७ग. को उप-धारा (३) बमोजिम देहायको नियम बनाइबक्सेको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यो नियमको नाम "अख्तियार दुरूपयोग निवारण आयोगका आयुक्तहरूको पदावधि, पारिश्रमिक र सेवाको अन्य शर्त तथा सुविधा सम्बन्धी (दोस्रो संशोधन) नियमावली, २०४०" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. अख्तियार दुरूपयोग निवारण आयोगका आयुक्तहरूको पदावधि, पारिश्रमिक र सेवाको अन्य शर्त तथा सुविधा सम्बन्धी नियमावली, २०३४ को नियम ३ को उप-नियम (१) मा संशोधन: अख्तियार दुरूपयोग निवारण आयोगका आयुक्त-हरूको पदावधि पारिश्रमिक र सेवाको अन्य शर्त तथा सुविधा सम्बन्धी नियमा-वली, २०३४ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ३ को उप-नियम (१) को सट्टा देहायका उप-नियम (१) राखिएको छ ।

"(१) आयुक्तको पदावधि ६ वर्षको हुनेछ र निज पुनः नियुक्तको लागि योग्य हुनेछ ।

तर कुनै आयुक्त पुनः नियुक्त हुने भएमा निजको पदावधि ६ वा ४ वा २ वर्षका लागि तोक्न सकिनेछ ।"

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
२८०